**कोरोना भाइरससम्बन्धी प्रदेश २ को अवस्था**
**धनुषा । २०७७ वैशाख १४ गते**

प्रदेश २ मा कोरोना सङ्क्रमितको सङ्ख्या सात जना पुगेको छ । यस प्रदेशमा कोरोना सङ्क्रमित भएका चार जना बिरामीहरू उपचारपछि स्वास्थ्य भई वैशाख १४ गते डिस्चार्ज भएका छन् । पर्साको बीरगञ्ज स्थित नारायणी अस्पतालमा उपचार गराइरहेका तीन भारतीय नागरिक र एक जना रौतहट जिल्लाका बिरामी डिस्चार्ज भएका हुन् ।

पछिल्लो २४ घण्टामा पर्सा जिल्ला बीरगञ्ज महानगरपालिका-१३ की २३ वर्षीया एक महिलाको आरडीटी परीक्षणमा पोजेटिभ रिपोर्ट देखिएको छ । क्यान्सरको समेत बिरामी रहेकी उनको स्वाब सङ्कलन गरेर हेटौंडा पठाइएकोमा वैशाख १३ गते राती १२:३० बजे उपचारका लागि नारायणी अस्पतालमा लैजाने क्रममा मृत्यु भएको सामाजिक विकास मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले बताउनु भएको छ । उनका अनुसार निज युवतीको पीसीआर रिपोर्ट आएपछि मात्र मृत्युको कारण खुल्ने नारायणी अस्पतालले जनाएको छ ।

त्यसैगरी, पर्सा जिल्ला बीरगञ्ज महानगरपालिका-१६ का ५० वर्षीय पुरुष र बीरगञ्ज महानगरपालिका-३ का ४८ वर्षीय पुरुषको पीसीआर परीक्षण गर्दा पोजेटिभ रिपोर्ट आएको छ । उक्त स्थानहरूलाई शिल गरी स्वाब संकलन कार्यमा आवश्यक समन्वय गर्नका लागि मेडिकल डाक्टर र विश्व स्वास्थ्य संगठनका प्रतिनिधि परिचालन गरिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

इश्लाम धर्मामलम्वलीहरूको महान चाड रमजानको उपलक्ष्यमा प्रदेश २ का माननीय मुख्यमन्त्री लालबाबु राउतले शुभकामना सन्देश जारी गर्दै विश्व अहिले कोरोनाको चपेटामा रहेको र सरकारले यस महामारीको नियन्त्रणका लागि लकडाउन गरेको हुँदा इस्लाम धर्मामलम्वीहरूलाई घरमै नवाज पढ्न तथा भिडभाड नगर्न आग्रह गर्नु भएको छ ।

प्रदेश २ सरकारलाई वैशाख १४ गते गजेन्द्रनारायण सिंह स्मृति प्रतिष्ठान नेपाल र नेपाल भारत युवा मैत्री सङ्घ नेपालले संयुक्तरूपमा पीपीइ १ सय थान, सेनिटाइजरको बोटल एक कार्टुन, एन-९५ मास्क १ सय थान, सर्जिकल मास्क २ हजार, सर्जिकल ग्लोब्स २ हजार थान हस्तान्तरण गरेको छ । स्वास्थ्य सामग्रीहरू प्रतिष्ठानका तर्फबाट पूर्वमन्त्री एवम् सांसद अनिल कुमार झा तथा मैत्री सङ्घका जिल्ला अध्यक्ष पकञ्ज महतो र जीवनाथ चौधरीले संयुक्त रूपमा सामाजिक विकास मन्त्री नवल किशोर साहलाई हस्तान्तरण गर्नु भयो ।

**इन्सेक सप्तरी जिल्ला प्रतिनिधि मनोहरकुमार पोखरेल**का अनुसार ०७७ वैशाख १४ गते सप्तरीको कञ्चनरूपस्थित क्वारेन्टाइनमा बसेका नौ जना, कञ्चनरूप नपा-१ वैरवा र वडा नम्बर-२ बरमझियाबाट ३४ जना तथा सप्तकोशी नगरपालिकामा १ सय १० जना गरी १ सय ५३ जनाको स्वाब सङ्कलन गरिएको छ ।

आरडीटी परीक्षण भरपर्दो नभए पछि पीसीआर विधिबाट परीक्षण तिब्र बनाएको स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको टोलीले वैशाख १२ गते पनि बोदे बसाईन नपा-५ मा १५ महिलासहित १ सय ६१ जनाको स्वाब सङ्कलन गरेको थियो ।

सङ्कलित स्वाबहरू पीसीआर विधिबाट परीक्षणका लागि धरानस्थित बि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको छ । क्वारेन्टाइनमा बसेका, क्वारेन्टाइनको निगरानी अबधि सकिएर घर फर्किएका, सङ्क्रमित बसेको मस्जिदसँग प्रत्यक्ष सम्बन्ध भएका, विदेशबाट आएकाहरूको स्वाब परीक्षणका लागि सङ्कलन गरिएको हो ।

सप्तरीको १८ ओटा स्थानीय तहद्वारा सञ्चालित ३० ओटामध्ये विभिन्न क्वारेन्टाइनमा वैशाख १४ गते एक महिला र १७ पुरूष थप भएका छन् भने एक महिला र चार पुरूष निगरानी अबधि सकिएर घर फर्किएका छन् । हाल २० महिला र १ सय ९२ पुरूष गरी २ सय १२ जना विभिन्न क्वारेन्टाइनमा बसेका छन् । हालसम्म ४१ महिला र ६ सय ५८ पुरुष क्वारेन्टाइनमा राखिएकोमा २१ महिला र ४ सय ६६ पुरूष घर फर्किसकेका छन् । होम क्वारेन्टाइनमा बस्नेको सङ्ख्या वैशाख १४ गते ७६ जना रहेको छ ।
कञ्चनरूपस्थित क्वारेन्टाइनमा बसेका २२ जनाको वैशाख १४ गते आरडीटी परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको कञ्चनरूप नगरपालिका स्वास्थ्य शाखाका सिनियर अहेव अधिकृत डम्बरप्रसाद गुप्ताले बताउनु भयो । गजेन्द्रनारायण सिंह अस्पतालले हालसम्म १ सय ३३ जनाको आरडीटी परीक्षण गरेको छ । राजविराजस्थित अस्पतालबाहेक सप्तरीमा वैशाख १४ गतेसम्म ८ सय ५१ जनाको आरडीटी परीक्षण भएको स्वास्थ्य कार्यालयले जनाएको छ । आरडीटी परीक्षणमा रिपोर्ट पोजेटिभ आएका चार जनाको स्वाब परीक्षण गर्दा नेगेटिभ आएको छ ।
कञ्चनरूप नगरपालिका स्वास्थ्य शाखालाई प्राप्त १ सय आरडीटी किट सकिएको छ भने स्वास्थ्य कार्यालयलाई प्राप्त ८ सय आरडीटी किट मध्ये ७ सय ५१ ओटा प्रयोग भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

**इन्सेक सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियार**का अनुसार जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी बिनोद घिमिरेका अनुसार क्वारेन्टाइनमा शङ्कास्पद बिरामीहरूलाई निगरानीमा राख्ने क्रम जारी रहेको बताउनु भयो । वैशाख १४ गते सम्म १२ जना महिला र ९१ जना पुरूष गरी जम्मा १ सय ३ जना क्वारेन्टाइनमा बसीरहेको बताउनु भयो ।
त्यसैगरी होम क्वारेन्टाईनमा आठ जना महिला गरी ३२ जना निगरानीमा रहेको डिएसपी घिमिरेले बताउनु भयो । १८ जना महिला र २ सय २१ जना पुरूष गरी २ सय ३९ जना होम क्वारेन्टाइनबाट डिस्चार्ज भएको घिमिरेले बताउनु भयो ।
जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख कृष्णदेव यादवले कोरोना परीक्षणको लागि आरडीटी किटबाट परीक्षण शुरू गरेको बताउनु भयो । वैशाख १४ गतेसम्म ३ सय ३९ जनाको परीक्षण गरेको र सबैको नतिजा नेगेटिभ आएको उहाँले बताउनु भयो । जसमा सिरहा नपामा १० जना महिला र ८२ जना पुरूष, मिर्चैया नपामा तीन जना पुरूष, बरियारपट्टी गाउँपालिकामा एक जना पुरूष, विष्णुपुर गाउँपालिकामा पाँच जना महिला र १३ जना पुरूष, गोलबजार नपामा तीन जना महिला र ४० जना पुरूष, सुखिपुर नपामा पाँच जना महिला र ४२ जना पुरूष, लहान नपामा १० जना पुरूष, नरहा गाउँपालिकामा सात जना पुरूष, नवराजपुर गाउँपालिकामा सात जना पुरूष, अर्नमा गाउँपालिकामा पाँच जना महिला र १८ जना पुरूष, लक्ष्मीपुर पतारी गाउँपालिकामा एक जना महिला र ११ जना पुरूष, कल्याणपुर नपामा पाँच जना पुरूष, कर्जन्हा नपामा चार जना महिला र १६ जना पुरूष, औरही गाउँपालिकामा सात जना पुरूष, भगवानपुर गाउँपालिकामा १८ जना पुरूष, सखुवानन्कारकट्टी गाउँपालिकामा चार जना महिला र नौ जना पुरूष, धनगढीमाई नपामा चार जना महिला र नौ जना पुरूष गरी जम्मा ४१ जना महिला र २ सय ९८ जना पुरुषको आरडीटी परीक्षण नेगेटिभ आएको प्रमुख यादवले बताउनु भयो ।
कोरोना परीक्षणको लागि वैशाख १४ गते १ सय ५४ जनाको स्वाब सङ्कलन गरीएको छ । जिल्ला स्वास्थ्य कार्यालय सिरहाका प्रमुख कृष्णदेव यादवका अनुसार स्वास्थ्य मन्त्रालय र बिरेन्द्र सैनिक

अस्पतालका चार जनाको टोली र जिल्लाका स्वास्थ्यकर्मीहरूको संयूक्त टोलीले पीसीआर प्रविधिबाट कोरोना परीक्षण गर्न नमूना सङ्कलन गरेको बताउनु भयो ।
स्वास्थ्य प्रमुख यादवका अनुसार सखुवानन्कारकट्टी गाउँपालिकामा ३० जनाको, कल्याणपुर नपामा ५४ जनाको, सुखिपुर नपामा २५ जनाको, सिरहा नपामा २१ जनाको, औरही गाउँपालिकामा २१ जना र नरहा गाउँपालिकामा तीन जनाको गरी जम्मा १ सय ५४ जनाको स्वाब सङ्कलन गरी काठमाडौं पठाएको यादवले बताउनु भयो । वैशाख १३ गते २ सय ४३ जना गरी जम्मा ३ सय ९७ जनाको नमूना सङ्कलन गरेको जसमा वैशाख १३ गते लहान नपामा ६९ जनाको, मिर्चैया नपामा ४३ जनाको, कर्जन्हा नपामा सात जनाको, गोलबजार नपामा ६४ जनाको, धनगढीमाई नपामा १० जनाको, अर्नमामा ४८ जना र विष्णुपुर गाउँपालिकामा दुई जनाको गरी २ सय ४३ जनाको नमूना सङ्कलन गरीएको प्रमुख यादवले जानकारी दिनु भयो ।

**इन्सेक धनुषा जिल्ला प्रतिनिधि दीपेन्द्रप्रसाद सिंहका अनुसार** जनकपुरधाम उपमहानगरपालिकाले कोरोना भाइरस र लकडाउनबारे गुनासो सुन्न टोल फ्रि नम्बर सञ्चालनमा ल्याएको छ ।
मेयर लालकिशोर साहले टोल-फ्रि नम्बर १६६०४१५२०११ सार्वजनिक गर्नु भएको छ । लकडाउनका कारण सामाजिक सञ्जाल फेसबुक मार्फत उनले टोल-फ्रि नम्बर सार्वजनिक गर्नु भएको छ । धनुषाको १८ स्थानीय तहमध्ये टोल-फ्रि नम्बर सार्वजनिक गर्ने जनकपुरधाम पहिलो स्थानिय तह हो ।
नगरबासीका गुनासो सुनेर सम्भव भएसम्म तत्काल सम्बोधन गर्न टोल-फ्रि नम्बर सञ्चालनमा ल्याएको मेयर साहले बताउनु भयो । उहाँले नगरबासीले आफूलाई परेको समस्या कुनै बेला पनि टोल-फ्रि नम्बरमा फोन गरेर टिपाउन सक्ने बताउनु भयो ।
कोरोना भाइरसको महामारीको समयमा नगरबासीका स्वास्थ्य सम्बन्धी गुनासा र लकडाउनले जोखिममा परेका नगरबासीको समस्या समाधान गर्न टिम पनि बनाइएको छ । मेयर साहले लकडाउन वा अन्य कुनै समस्यामा परेका व्यक्तिहरूको उद्धारसमेत गरिने जानकारी दिनु भएको छ ।
जनकपुरधाम उपमहानगरपालिकाले कोरोनाको सङ्क्रमण रोकथाम, नियन्त्रण तथा राहतका लागि राहत कोष समेत स्थापना गरेको छ । राहत कोषमा सहयोग गर्न इच्छुक व्यक्ति वा सङ्घ संस्थालाई टोल-फ्रि नम्बरमा सम्पर्क गर्न पनि मेयर साहले अपिल गर्नु भएको छ ।
सर्लाहीको १४ वर्षीय बालकको लिइएको स्वाब परीक्षणको नतिजा जनकपुरमा नेगेटिभ आएपनि काठमाडौँको राष्ट्रिय प्रयोगशालामा पुनः परीक्षण गर्दा पोजेटिभ देखिएपछि पीसीआर मेसिनमा खराबी आएको भन्दै जनकपुरमा गरिँदै आएको परीक्षण कार्य रोकिएको प्रदेश २ का स्वास्थ्य निर्देशनालयका स्वास्थ्य अधिकृत डा.बिजय झाले जानकारी दिनु भयो ।
जनकपुरमा चैत २१ गतेदेखि थालिएको पीसीआर मेसिनबाट वैशाख ११ गतेसम्म १ सय जनाको परीक्षण गरिएको छ । वैशाख १२ गते परीक्षण कार्य बन्द गरेपनि स्वाब सङ्कलन कार्य भने रोकिएको छैन । डा. बिजय झाका अनुसार वैशाख १३ गते प्रदेश २ मा ६ सय २६ जनाको स्वाब सङ्कलन गरिएको छ ।
जनकपुरमा सर्लाही, महोत्तरी र धनुषाको बासिन्दाको स्वाब सङ्कलन गरिदै काठमाडौँ पठाउने गरिएको छ । रौतहट, बारा र पर्साका वासिन्दाहरूको वीरगंजमा स्वाब सङ्कलन गरेर चेक जाँचको लागि हेटौंडा पठाउने गरेको छ । सिरहा र सप्तरीका बासिन्दाहरूको जिल्लामा स्वाब सङ्कलन गरी परिक्षण गर्न सुनसरिको धरानस्थित बि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पठाउने गरिएको प्रादेशिक अस्पतालका वरिष्ठ बालरोग विशेषज्ञ डा. जामुन सिंहले बताउनु भयो ।

त्यसैगरी, धनुषाको बटेश्वर गाउँपालिका-१ चित्रपुरस्थित लवकुश चोकमा असिना पीडित १ सय घरपरिवारलाई पोलोथिन (प्लास्टिक) प्रदान गरिएको छ ।
लवकुश बिकास प्रतिष्ठान लवकुशको आयोजनामा १ सय परिवारलाई राहत स्वरूप वर्षाको पानीबाट बच्नको लागि पोलोथिन सहयोग गरेको प्रतिष्ठानका अध्यक्ष कर्मबिर महतोले बताउनु भयो ।
वैशाख १२ गते दिउँसो २ सय ग्रामदेखि ५ सय ग्रामसम्मको असिना झरेपछी घरको छानोको रूपमा प्रयोग गरिएको ट्याल्स, एलिबेष्टरलगायतको कृषि बालीमा निकै क्षति गरेको लवकुश बिकास प्रतिष्ठानका संस्थापक डा. जगदेव महतोले बताउनु भयो ।
असिनाले गर्दा बटेश्वर गाउँपालिकाको वडा नम्बर-१ मा करोडौंको क्षति भएकाले गर्दा तत्कालको लागि वर्षाको पानीबाट बच्नको लागि घर छाउने पोलोथिन वितरण गरिएको प्रतिष्ठानका सदस्य रामउदगार महतोले जानकारी दिनु भयो ।

**इन्सेक महोत्तरी जिल्ला प्रतिनिधि अजयकुमार साह**का अनुसार प्रदेश नं. २ का समाजिक विकास मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले जनाए अनुसार औरही नपामा १४, बलवा २८, रामगोपालपुर १२, वर्दिवास नपामा १०, लोहारपट्टी ३९, मनरा सिस्वा १३, सोनमा १७, गौशला १८ र जिल्ला प्रहरी कार्यालय महोत्तरीमा १० जना गरी जम्मा १ सय ६५ जनाको आरडीटी परीक्षण गरिएको छ ।
महोत्तरीमा १९ क्वारेन्टाइन रहेकोमा बेड सङ्ख्या ३ सय ८८ रहेको छ भने जिल्लाको विभिन्न स्थानीय तहहरूको क्वारेन्टाइनमा बस्नेको सङ्ख्या ८२ र होम क्वारेन्टाइनमा बस्ने सङ्ख्या ६ सय ६५ गरी जम्मा ७ सय ४७ जना क्वारेन्टाइनमा बसिरहेका छन् ।
हालसम्म महोत्तरीको विभिन्न क्वारेन्टाइनमा बसेका ११ जनाको स्वाब परीक्षण गरिएकोमा ११ जनाको रिपोर्ट नेगेटिभ आएको छ ।
त्यसैगरी, कोरोनाको महामारी नियन्त्रण तथा रोकथामका लागि आवश्यक पर्ने स्वास्थ्य सामग्रीको अभाव अहिले पनि रहेको बेलामा गजेन्द्रनारायण सिंह स्मृति प्रतिष्ठान नेपाल र नेपाल भारत युवा मैत्री सङ्घ नेपालले संयुक्तरूपमा पीपीई १ सय थान, सेनिटाइजरको बोटल १ कार्टुन, एन ९५ मास्क १ सय थान, सर्जिकल मास्क २ हजार थान, सर्जिकल ग्लोब्स २ हजार थान हस्तान्तरण गरेको छ ।
स्वास्थ्य सामग्रीहरू प्रतिष्ठानका तर्फबाट पूर्वमन्त्री एवं सांसद अनिलकुमार झा तथा मैत्री सङ्घका जिल्ला अध्यक्ष पकञ्ज महतो र जीवनाथ चौधरीले संयुक्त रूपमा प्रदेश नं. २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहलाई हस्तान्तरण गर्नु भयो ।
कार्यक्रममा बोल्दै प्रदेश नं. २ का सामाजिक विकासमन्त्री साहले प्रदान गरिएको स्वास्थ्य सामग्रीहरू कोरोनाको महामारी नियन्त्रण तथा रोकथामका लागि निकै महत्वपूर्ण भएको बताउँदै दुवै संस्थालाई धन्यवाद दिनु भयो ।
स्वास्थ्य सामग्री हस्तान्तरण कार्यक्रममा प्रदेश नं. २ का भौतिक पूर्वाधार तथा विकासमन्त्री जितेन्द्र सोनल, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री रामनरेश राय र सामाजिक विकास राज्यमन्त्री अभिराम शर्मा लगायतको उपस्थिति रहेको थियो ।

**इन्सेक रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिना**का अनुसार रौतहटमा क्वारेन्टाइनमा बस्नेको सङ्ख्या १९ जना महिला र ३ सय १० पूरूष गरी जम्मा ३ सय २९ जना रहेका छन् । रौतहटको विभिन्न स्थानको क्वारेन्टाइनबाट घर फिर्ता गरीएको सङ्ख्या २ सय ७९ जना रहेको छ ।

हालसम्म रौतहटको विभिन्न क्वारेन्टाइनमा बसेका २ सय ७७ जनाको स्वाब परीक्षण गरीएकोमा १ सय ६१ जनाको रिपोर्ट नेगेटीभ आएको छ भने एक जनाको रिर्पोट पोजेटिभ आएको साथै १ सय १५ जनाको रिपोर्ट आउन बाँकी रहेको जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले बताउनु भयो ।
त्यस्तै आरडीटीबाट स्वास्थ्य परीक्षण ४ सय ७२ जनाको गरीएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । रौतहटमा जम्मा ७ सय १ ओटा पीपीइ रहेको छ भने जिल्लामा ८ सय ५१ ओटा क्वारेन्टाइन बेड सङ्ख्या रहेको प्रमुख जिल्ला अधिकारी घिमिरेले बताउनु भयो ।
मौलापुर नगरपालिकाको मर्यादपुरका बासिन्दालाई वैशाख १४ गते स्यानिटाइजर र साबुन वितरण गरिएको छ । पूर्वमन्त्री प्रभु साहको सहयोगमा मौलापुर नगरपालिकाको कार्यपालिका सदस्य बबिता पाण्डेले नगरको वडा नम्बर १ र २ को मर्यादपुरको भागमा बसोबास गर्ने १ हजार घर परिवारलाई स्यानिटाइजर साबुन वितरण गरिएको हो । स्थानीय भोला पाण्डेका अनुसार विश्वव्यापी रूपमा फैलिरहेको कोरोना भाइरसबाट आफ्ना नागरिकलाई जोगाउन सामग्री वितरण गरिएको बताउनु भयो । स्थानियमा जनचेतना जागृत गर्ने काम समेत भएको उहाँले बताउनु भयो ।

**इन्सेक बारा जिल्ला प्रतिनिधि भोलानाथ पौडेल**का अनुसार जिल्लामा क्वारेन्टाइन बेड सङ्ख्या ४ सय ४३ रहेकोमा १ सय ८९ जना नागरिक क्वारेन्टाइनमा बसेको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी ओम खड्काले बताउनु भएको छ । उहाँले क्वारेन्टाइनमा बसेका मध्य ४५ जना महिला र १ सय ४४ जना पुरूष रहेको बताउनु भयो । आइसोलेशन बेड सङ्ख्या ४८ रहेकोमा आइसोलेशन वार्डमा नौ जना बसीरहेको र सबै जनाको स्वास्थ्य अवस्था राम्रो रहेको खड्काले बताउनु भयो ।
कलैया अस्पतालमा ३८ जना, कलैया उपमहानगरपालिकामा १४ जना, सिम्रोगढ नगरपालिकामा पाँच जना, महागढीमाई नगरपालिकामा आठ जना, पचरौता नगरपालिकामा १५ जना, सुवर्ण गाउँपालिकामा १३ जना, आदर्शकोत्वाल गाउँपालिकमा पाँच जना, फेटा गाउँपालिकामा पाँच जना, जितपुरसिमरा उपमहानगरपालिकामा १९ जना, निजगढन गाउँपालिकामा १४ जना, बारागढी गाउँपालिकामा तीन जना, करैयामाई गाउँपालिकामा एक जना र काल्हवी नगरपालिकामा ६ जना गरी जिल्लामा १ सय ४६ जनाको आरडीटी विधिबाट परीक्षण भएकोमा सबैको नतिजा नेगेटिभ आएको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी ओम खड्काले बताउनु भयो । निजगढ नगरपालिकामा वैशाख १४ गते बसेको कोरोना भाइरस रोकथाम, अनुगमन तथा व्यवस्थापन समन्वय समितिमा राहतको क्रममा आहत भएको गुनासोले निकौ चर्चा पाएको हो ।
लकडाउन पालना गराउन अतिविपन्न, अपाङ्ग, दलित र गरिब परिवारलाई वितरण गर्ने राहत राजनीतिक दल, वडा तथा नगरपालिकाका जनप्रतिनिधिहरूका नजिकका व्याक्तिहरूले पाएको भन्दै वास्तविक नागरिक छुटेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का निजगढ नगर कार्यलय सचिव थानेश्वर सापकोटाले आरोप लगाउनु भएको छ । उहाँले नगरमा निर्वाचित भएर जिम्मेवारी पाएका जनप्रतिनिधिले यस्तो पक्षपात गर्न नहुने बताउनु भयो । उहाँले दैनिक मजदुरी गरेर परिवार पाल्दै आएकालाई नगरपालिकाले दिने राहतको आशालाई नगरपालिकाले राहत नदिएपछि निराशामा परिणत भएको बताउनु भयो ।
राहत वितरणका लागि वडा अध्यक्षको संयोजकत्वमा राजनीतिक दल, समाजसेवी तथा टोल विकास सहितको समितिले नाम सङ्कलन गर्दा नाम छुटेको सूचना अधिकारी खड्काले बताउनु भएको छ । रहत वितरण समितिका सदस्यले आ-आफ्नो पार्टीका मानिसको नाम राख्नु पर्ने अडान लिएको साथै माप दण्डमा नरहेकाहरूलाई पनि राजनीतिक आस्थाका आधारमा राहत दिने काम गलत भएकाले

कानुन अनुसार कारवाही गर्न माग गर्नु भयो । राहत वितरण समितिका सदस्यले सोधेका प्रश्नको उत्तर दिँदै नगर प्रमुख सुरेश खनालले सबै मिलेर समस्याको समाधान गर्नका लागि अनुरोध गर्नु भयो ।

**इन्सेक पर्सा जिल्ला प्रतिनिधि केसि लामिछाने**का अनुसार बीरगंजमा थप दुई जनामा कोरोना सङ्क्रमण पोजेटिभ भेटिएको छ । दुबै जनाको उमेर ५० वर्ष रहेको छ । एक जना सफाई कर्मचारी हुन् । दुबै मुस्लिम समुदायका हुन ।

बीरगंज महनगरपालिका वडा नं. २ मा रहेको जामे मस्जिदमा आश्रय लिएर बसेका तीन जना भारतीय धर्म प्रचारकमा चैत ३० मा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको थियो । उनीहरूमा सङ्क्रमण फेला परेपछि छपकैया क्षेत्र शिल गरेर आरडीटी सुरू गरिएको थियो । आरडीटी परीक्षण गर्दा कसैमा पनि कोरोना भाइरसको सङ्क्रमण पोजेटिभ देखिएको थिएन ।

छपकैयाको मस्जिदमा बसेका तीन जना भारतीय सङ्क्रमितको सम्पर्कमा आएकाहरूको स्वाब लिई पीसीआर परीक्षणका लागि काठमाडौँ पठाइएकोमा दुई जनामा पोजेटिभ देखिएको नारायणी अस्पतालले जनाएको छ ।

पीसीआर विधिबाट परीक्षण गराउन प्रयोगशालामा पठाइएका मध्य दुई जनाको रिपोर्ट पोजेटिभ देखाएको हो । वैशाख १३ गते १ सय ८७ जनाको स्वाब पीसीआर विधिबाट परीक्षणका लागि काठमाडौँ पठाइएको थियो । रिपोर्ट नेगेटिभ देखिएका दुबै जनालाई नारायणी अस्पतालको आइसोलेशन वार्डमा भर्ना गरिएको छ । यी मध्ये एक जना महानगरका सफाइ कर्मचारी हुन् ।

सफाइ कर्मचारी बाहेकका व्यक्तिलाई सिद्धार्थ माविको क्वारेन्टाइनबाट आइसोलेशनमा ल्याइएको पर्साका सहायक प्रमुख जिल्ला अधिकारी ललितकुमार बस्नेतले बताउनु भयो ।

बीरगंजको नारायणी अस्पतालको आइसोलेशन वार्डमा उपचारको लागि भर्ना भएका चार जना आज डिस्चार्ज भएका छन् जसमा तीन जना जमाती छन् भने अर्का एक युवा रौतहटका हुन् । उनीहरूलाई अस्पतालले अपरान्ह ४ बजे डिस्चार्ज गरेको हो ।

चारै जनाको चौथो रिपोर्ट पनि नेगेटिभ आएपछि उनीहरूलाई वैशाख १४ गते डिस्चार्ज गरिएको मेडिकल सुपरीटेन्डेन्ट डा.मदन उपाध्यायले बताउनु भयो ।

बीरगंजको वडा नं. २ छपकैयाको मक्की जामे मस्जिदमा बसेका तीन भारतीय र रौतहटका एक जना गरी चार जनाको पीसीआर परीक्षणको चौथो रपोर्ट वैशाख १३ गते बेलुका नेगेटिभ आएको थियो ।

पीसीआर परीक्षणका लागि चार जना सङ्क्रमितको स्वाबको नमूना सङ्कलन गरी वैशाख १२ गते हेटौंडा स्थित प्रादेशिक प्रयोगशाला पठाइएको थियो । वैशाख १३ गते साँझ रिपोर्ट नेगेटिभ आएको थियो ।

सङ्क्रमितको स्वास्थ्य अवस्था पनि सामान्य रहेको डा. उपाध्यायले बताउनु भयो । डिस्चार्ज भएका भारतीय नागरिकलाई लकडाउन भएका कारण बीरगंजमै राखिने छ। उहाँहरूलाई राख्ने कामको व्यवस्थापन मुस्लिम आयोगले गर्ने अस्पतालले जनाएको छ । रौतहटका एक जनालाई आफन्तको जिम्मा लगाइएको छ ।

भारतीय नागरिकमा गएको चैत ३० गते तथा रौतहटका एक जनामा वैशाख १ गते कोरोना सङ्क्रमण पुष्टि भएको थियो । नारायणी अस्पतालमा सर्लाहीका एक सङ्क्रमित पनि उपचारार्थ छन् । सर्लाहीका सङ्क्रमितलाई छुट्टै आकस्मिक कक्ष माथिको आइसोलेशन राखिएको छ ।

**इन्सेक प्रदेश २ कार्यालय, जनकपुरधाम**